# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) धनगढी, कैलाली, भदौ ३ गते, २०७५ साल (अतिरिक्ताङ्क २


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश नं. ७ धनगढी, कैलाली**

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश नम्बर ७ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. ८

# जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

**प्रस्तावना:** जिल्ला सभा तथा जिल्ला समन्वय समितिको बैठक सञ्चालन तथा काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२० को उपधारा (८) वमोजिम प्रदेश नम्वर ७ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रमुख" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ ।

(घ) "जिल्ला समन्वय अधिकारी" भन्नाले दफा १० बमोजिमको जिल्ला समन्वय अधिकारी सम्झनुपर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले प्रदेस नम्वर ७ सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद -२

## सभा र समितिको बैठक तथा सञ्चालन

३. **सभाको बैठक तथा सञ्चालन :** (१) प्रमुखले गाउँसभा र नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिनभित्र सभाको पहिलो बैठक बोलाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख निर्वाचित नभएसम्म सभाका सदस्य मध्ये ज्येष्ठ सदस्यले सभाको वैठक बोलाउनेछ ।

(३) सभाको बैठक वर्षको एक पटक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम सभाको बैठक बोलाएको सूचना जिल्ला समन्वय अधिकारीले कम्तीमा बहत्तर घण्टा अघी सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) प्रमुखको निर्देशानुसार जिल्ला समन्वय अधिकारीले बैठकको कार्यसूची र समय तालिका तयार गर्नेछ ।

(६) प्रमुखले कार्यसूची स्वीकृत गरी सभाको बैठक संचालन गर्नेछ र बैठकमा उपस्थित सबै सदस्यले उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।

(७) सभाको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा उपप्रमुखले र उपप्रमुखसमेत को अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(८) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(९) सभाको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ र सर्वसम्मति कायम हुन नसकेमा उक्त बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।

(१०) सभाको बैठकमा निर्णयका लागि पेश भएको विषयमा अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन ।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(११) प्रमुखले कुनै विषय निर्णयार्थ पेश गरिसकेपछि सो विषयउपर छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन ।

(१२) सभाको बैठकमा पेश हुने विषयमाथि छलफल गर्ने समय प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ ।

(१३) सभाको बैठक सम्बन्धी अन्य व्यवस्था सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. <u>बैठक सञ्चालन गर्दा पालना गर्नुपर्ने कुराहरू :</u> सभाको बैठक सञ्चालन गर्दा देहायका कुराहरू पालना गर्नु पर्नेछ :-

(क) प्रमुख बैठक कक्षमा प्रवेश हुनासाथ राष्ट्रिय धुन बजाउनु पर्ने,

(ख) प्रमुख बैठक कक्षमा प्रवेश गर्दा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ग) प्रमुखले बैठकप्रति सम्मान प्रकट गरी आसन ग्रहण गर्नु पर्ने,

(घ) आसन ग्रहण पछि प्रमुखले बैठक प्रारम्भ भएको घोषणा गर्ने,

(ङ) बैठकमा भाग लिने सदस्यले बोल्दा प्रमुखलाई सम्वोधन गरेर शिष्ट र सभ्य भाषामा बोल्नु पर्ने,

(च) प्रमुखले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(छ) बैठकमा कसैले पनि शान्ति भङ्ग हुने वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने,

(ज) बैठक सञ्चालन भएको समयमा बैठक कक्षमा मोबाईल फोन बन्द गर्नु पर्ने,

(झ) प्रमुखले बैठकलाई सम्वोधन गरिरहेको समयमा सदस्यले स्थान छाडेर हिंडनु नहुने ।

५. **बैठक स्थगित गर्ने** : बैठक कक्षभित्र अव्यवस्था भई वा हुने सम्भावना भई बैठक नियमित रुपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा प्रमुखले त्यस दिनको कुनै समयसम्म वा बढीमा सात दिनसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न

सक्नेछ । प्रमुखले बैठक स्थगन गर्नाको कारण खुलाई गरेको त्यस्तो स्थगन उपर कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन ।

६. **सभालाई सम्वोधन** : (१) नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मन्त्री, संघीय संसदका सदस्य वा प्रदेश सभाका सदस्यलाई प्रमुखले सभाको बैठकलाई विशेष सम्वोधन गर्न अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्वोधनको लागि अपनाइने प्रक्रिया प्रमुखले तोके बमोजिम हुनेछ ।

७. **समितिको बैठक** : (१) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला समन्वय अधिकारीले समितिको बैठक बस्ने सूचना कम्तीमा बहत्तर घण्टा अगावै समितिका सदस्यलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूचीसमेत संलग्न गर्नु पर्नेछ ।

(४) समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## सभा सम्बन्धी व्यवस्था

८. **सभाको काम, कर्तव्य र अधिकार** : (१) संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार

सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा नेपाल सरकारको सङ्घीय मामिला हेर्ने मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरुको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित गाउँपालिका तथा नगरपालिकासंग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिका बीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्लाभित्रका एकभन्दा बढी गाउँपालिका तथा नगरपालिका

प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मुल्याकंन गर्न समन्वय गर्ने,

(ड) जिल्लाको समग्र विकासका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ढ) जिल्लाभित्र सञ्चालित सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(ण) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,

(त) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(थ) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखिकरण गर्ने,

(द) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ध) आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यवस्थापन अनुगमन समन्वय समिति तथा अन्य आवश्यक समितिहरू गठन गर्ने,

(न) सम्बन्धित जिल्लाको भौगोलिक क्षेत्रमा सञ्चालित बिकास आयोजना तथा कार्यक्रमहरुको अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन दिने,

(प) सम्बन्धित जिल्लाको भौगोलिक क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रमहरुमा अनियमितता भएको वा गरेको भन्ने उजुरी पर्न आएमा उक्त आयोजना तथा कार्यक्रममा भए गरेका कामकार्बाहीको अध्ययन तथा अनुगमन गरी यथार्थताको बिवरण सहितको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।

(फ) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

(२) सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ।

(३) सभाले आफ्नो कार्यक्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई सभाबाट पारित गरी लागू गर्नु पर्नेछ।

९. **<u>सभाको कोष</u>** : (१) सभाको एउटा कोष हुनेछ ।

(२) सभाको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम, र

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने रकम सभाले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त 'क' वर्गको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

१०. **जिल्ला समन्वय अधिकारी** : (१) सभाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी रहनेछ ।

(२) जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभा र समितिको सचिवको रूपमा काम गर्ने,

(ख) सभा र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) जिल्लास्थित सङ्घ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबीच समन्वय गर्ने गराउने,

(घ) सभाको आर्थिक कारोबारको हिसाव अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्यौट गराउने

तथा बेरुजु मिनाहको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

(ङ) सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

(च) समितिको प्रमुखको निर्देशनमा सभा तथा समितिको बैठक बोलाउने, सभा तथा समितिको बैठकको निर्णयको माइन्यूट गर्ने, सभा तथा समितिको बैठकको निर्णय प्रमाणित गरी अभिलेख राख्ने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(छ) सभाले गर्नु पर्ने खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,

(ज) सभा, समिति वा प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-४

## बैठक भत्ता तथा सुविधा

११. **बैठक भत्ता :** सदस्यले बैठकमा भाग लिएको प्रत्येक दिनको लागि प्रदेश सरकारले तोके बमोजिमको रकम बैठक भत्ता बापत् पाउनेछन् ।

१२. <u>**सवारी तथा यातायात सुविधा**</u> : (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सवारी तथा यातायात सुविधा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा उल्लेख भएबमोजिम हुने छ ।

१३. <u>**दैनिक तथा भ्रमण भत्ता :**</u> प्रमुख, उपप्रमुख तथा सदस्यले समितिको कामको सिलसिलामा जिल्लाभित्र भ्रमण गर्नु पर्दा प्रचलित प्रदेश कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

## परिच्छेद-५

## <u>विविध</u>

१४. <u>**सभा तथा समितिमा छलफल गर्न नपाइने :**</u> देहायका विषयमा सभा वा समितिको बैठकमा छलफल गर्न पाइने छैन :-

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,

(ख) कानूनतः गोप्य रहने कुराहरू वा प्रकाशन गर्दा राष्ट्रिय हित विपरित हुने विषय,

(ग) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,

(घ) अदालत, स्थानीय न्यायिक समितिमा विचाराधीन विषय,

(ङ) गैर सरकारी व्यक्तिको कुनै वक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(च) मित्रराष्ट्रसँगको सम्बन्धमा खलल वा असर गर्ने विषय,

(छ) सभाले तोके बमोजिमका अन्य विषय ।

१५. **<u>समितिको समन्वयमा कार्य गर्ने :</u>** जिल्लामा रहेका प्रदेश सरकारका कार्यालयले समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

१६. **<u>प्रतिवेदन दिने :</u>** (१) जिल्ला समन्वय समितिले प्रत्येक चार महिनामा र आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र आफुले गरेका काम कारबाहीको अध्ययन, अनुसन्धान, अनुगमन तथा कार्यक्रमको प्रतिवेदन स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालय र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा औंल्याएका सुझाव कार्यान्वयन गर्न स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालय तथा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१७. **<u>सुविधाको दुरुपयोग गर्न नहुने :</u>** यस ऐन बमोजिम प्राप्त सुविधा सम्बन्धित प्रमुख, उपप्रमुख वा सदस्यले मात्र उपयोग गर्न पाउने छन् । सम्बन्धित प्रमुख, उपप्रमुख तथा सदस्यहरुले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१८. **<u>सुविधा नपाउने :</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सभा वा समितिको कुनै सदस्य प्रचलित कानून बमोजिम निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर, फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभर निजले

यस ऐन बमोजिमको कुनै सुविधा पाउने छैन र सो अवधिभर सभा वा समितिको बैठकमा भाग लिन पाउने छैन ।

१९. <u>स्वार्थ बाझिएमा निर्णय प्रक्रियामा भाग लिन नहुने :</u> सभा वा समितिमा विचाराधीन कुनै विषयमा सभा वा समितिको कुनै सदस्यको हित, सरोकार वा स्वार्थ रही निर्णय प्रभावित हुने भएमा त्यस्तो सदस्यले सभा वा समितिलाई त्यस्तो कुराको पूर्व जानकारी दिई त्यस्तो विषयमा सभा वा समितिबाट गरिने निर्णय प्रक्रियामा भाग लिन हुदैन ।

२०. <u>काम कारबाहीमा बाधा नपर्ने :</u> कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र सभा वा समितिको काम कारबाहीमा बाधा पर्ने छैन ।

२१. <u>सङ्घीय कानून बमोजिम हुने :</u> सभाको बजेट तथा कर्मचारी सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

२२. <u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने :</u> सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

२३. <u>वचाउ :</u> नेपालको संविधान तथा यो ऐन को प्रतिकुल नहुने गरी यो ऐन लागु हुनु भन्दा अगाडि जिल्ला सभा तथा जिल्ला समन्वय समतिले प्रचलित कानूनवमोजिम गरेका कामकारवाही यसै ऐन वमोजिम गरेको मानिनेछ ।

प्रमाणीकरण मिति : २०७५/०५/०३

**आज्ञाले,**
**शङ्कर अर्याल**
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३